# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः २ | संख्याः ४ | मिति २०७६/१२/१६

## भाग–२

बनेपा नगरपालिका

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : २०७६/१२/१६

प्रमाणिकरण मिति : २०७६।१२।१६

# खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति: २०७६/१२/१६

प्रमाणिकरण मिति: २०७६।१२।१६

**प्रस्तावना:**

बनेपा नगर क्षेत्रभित्र स्वच्छ खानेपानीको पहूँच सबै नगरबासिहरूमा पुऱ्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगर कार्यपालिकाबाट खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि स्वीकृत गरी लागु गरिएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम"खानेपानी तथा सरसफाई उपभोक्ता समितिव्य वस्थापन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि बनेपा नगरपालिकाभित्र लागु हुनेछ ।

(३) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "खानेपानी " भन्नाले स्वच्छ पिउने पानीलाई सम्झनुपर्छ ।

(ख) "स्थानीय अधिकारी" भन्नाले नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ग) "समिति" भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।



(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वातोकिए बमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी उपभोक्ता समिति संचालन गर्न नहुने :**

यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि समिति संचालन गर्नु हुँदैन ।

**४. समिति दर्ता :**

(१) समिति दर्ता गर्न चाहने ३३ प्रतिशत महिला सहित सात जना वा सो भन्दा बढि व्यक्तिहरूले समिति सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूचि १ बमोजिमको ढाँचामा निबेदन दिनु पर्नेछ :-

(क) समितिको नाम,

(ख) उद्देश्यहरू,

(ग) समितिका सदस्यहरूको नाम,ठेगाना र पेशा,

(घ) कार्यालयको ठेगाना ।(२) उपदफा (१) वमोजिमको निबेदन प्राप्त भएपछि स्थानीय अधिकारीले अवश्यक जाँचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा अनुसूचि २ बमोजिमको ढाँचामा ३० दिने सार्वजनिक सूचना निकाली तत्पश्चात कुनै उजुरी नपरेमा समिति दर्ता गरी अनुसूचि ३ बमोजिमको ढाँचामा प्रमाण-पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निबेदकलाई दिनु पर्नेछ र निबेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर न्यायिक समितिमा उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) वमोजिमको उजुरी प्राप्त भएपछी न्यायिक समितिले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिब

ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले समिति दर्ता गरिदिनु पर्नेछ ।

(५) यस कार्यविधी अनुसार दर्ता हुने खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट दर्ता शुल्कबापत रू.५०००।- र नवीकरण शुल्कवापत रू.२०००।-लिइनेछ । प्रत्येक आ.व समाप्तभएको मितिले ६ महिनाभित्र उक्त समितिले दर्ता प्रमाणपत्र नविकरण गर्नुपर्ने छ र सो अवधि नाघेमा प्रत्येक आ.व को लागि थप २५ प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

(६) यस कार्यविधि बमोजिम दर्ता भएको समिति लगातार तीन वर्षसम्म नविकरण नगरेमा स्थानीय अधिकारीले त्यस्तो समितिको दर्ता खारेज गर्न सक्नेछ ।

**५. समिति संगठित मानिने :**

(१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति संगठित संस्था हुनेछ । सो संस्थाको सवै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :**

(१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले समितिको विधान बिरूद्ध संस्थाको कुनै सम्पत्ति दुरूपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरूपयोग गर्ने, कब्जावा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ ।



(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरूद्ध कुनै अपराध वा बिराम गरेमा समिति, समितिको कुनै सदस्यवा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**७. समिति दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :**

(१) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिंम दर्ता भई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो कार्यविधि बमोजिम सूचिकृत गराउनु पर्ने छ ।

**८. समितिको उद्देश्यहरूमा हेरफेर :**

(१) समितिको उद्देश्यहरूमा हेरफेर गर्न आवस्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधानबमोजिम साधारण सभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभावाट पारित भएको मानिनेछ । तर, सो प्रस्ताव लागु गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :**

प्रबन्ध समितिले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्यक वर्ष स्थानीय अधिकारी समक्ष बुझाउनु पर्नेछ ।

**१०. हिसाबजाँच गर्ने :**

(१) स्थानीय अधिकारीले आवस्यक देखेमा समितिको हिसाब आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाबजाँचबाट देखिनआएको समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असूल गरी लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफदिनु समितिको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचेको प्रतिबेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिबेदनको आधारमा समितिको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरूपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून वमोजिम कारवाई चलाउन सक्नेछ । तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने :**

नगरपालिकाले समितिलाई आवस्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :**

(१) दफा ३ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई स्थानीय अधिकारीले जनही पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रबन्ध समितिका



सदस्यहरूलाई स्थानीय अधिकारीले जनही एक हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको बिबरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचहजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिमा गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा स्थानीय अधिकारीले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनराबेदन :**

दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने छ ।

**१४. समितिको विघटन र सोको परिणाम :**

(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्यकुनै कारणले समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्मको दायित्व नगरपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार :**

यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

१६. समितिले आफ्नो विधानअनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वत विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म समिति संचालन नगरपालिकाले गर्नेछ ।

**१७. खारेजी र बचाउ :**

(१) खानेपानी तथा सरंसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु अगावै जलस्रोत ऐन २०४९ अन्तर्गगत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

**आज्ञाले**
**आनन्दराज पोखरेल**
**प्रमुख प्रशासकीय अधिकृत**



अनुसूचि -१

(दफा (४) को उपदफा (२) बमोजिम)

**(उपभोक्ता समितिको तर्फबाट पेश गर्ने निवेदनको ढाँचा)**

श्रीमान् प्रमुखज्यू,
बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक ।

महोदय,

हामीले ___________खानेपानी तथा सरसफाइ उपभोक्ता समिति गठन गरी संस्थागत रुपमा दर्ता गर्न चाहेकोले बनेपा नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम उपभोक्ता समिति दर्ताको लागि अनुरोध छ ।

**विवरण:**

१. उपभोक्ता समितिको नाम:
२. कार्यक्षेत्र :
३. कार्य उद्देश्यहरू :
४. कार्य समितिका तदर्थ सदस्यहरू :

| क.स | पदाधिकारीहरूको नाम, थर | ठेगाना | पद | सम्पर्क नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |

५. उपयोग गरिने जलश्रोतको विवरण :

क) जलश्रोत (मुल) को नाम तथा ठेगाना:

६. उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :

क) सेवाको किसिमः

ख) सेवा पुऱ्याउने क्षेत्रः

ग) सेवा बाट लाभान्वित हूने घरपरिवार संख्याः

घ) आर्थिक श्रोतको विवरणः

ङ) कार्यालय रहने ठेगानाः

९. संलग्न कागजातहरूः

क) उपभोक्ता समितिको विधान,

ख) उपभोक्ता समितिको पदाधिकारीहरूको नागरकिताको प्रतिलिपी,

ग) आमभेलाबाट उपभोक्ता समिति गठन सम्बन्धी निर्णयको प्रतिलिपी,

घ) वडा कार्यालयको सिफारीस

निवेदक,
दस्तखतः
नामः
पदः
ठेगानाः
सम्पर्क नं.
मितिः



अनुसुचि-२

(दफा (४)को उपदफा (२) बमोजिम)

## नगरपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता सम्बन्धी ३० दिने सार्वजनिक सूचना

बनेपा न.पा अर्न्तगत वडा नं. ____मा रहेको ____________श्रोतको पानी ________बाट श्रोत उपयोग गर्ने गरी बनेपा नगरपालिका वडा नं. ___को ________गाँउ/ वस्तिहरूमा शुद्ध पिउने पानी आपूर्तिका लागि आयोजना संचालन तथा व्यवस्थापन गर्न श्री __________ को अंध्यक्षतामा उपभोक्ता समिति गठन गरी श्री ___________ खानेपानी तथा सरसफाई उपभोक्ता समिति संस्थागत रूपमा दर्ता गर्न भनी आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश हुन आएको सम्बन्धमा उपभोक्ता समिति गठन तथा जलश्रोतको उपयोगका सम्बन्धमा कोहि कसैको उजुरी तथा गुनासो छ भने प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र बनेपा नगरपालिंका, नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ । सूचनाको म्यादभित्रै कारण सहित निवेदन पेश हुन नआएमा सम्बन्धित उपभोक्ता समिति दर्ता हुने र यस विषयमा पछि सुनुवाई नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

अनुसुचि-३

(दफा (४)को उपदफा (२) सम्बन्धी)

## खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरी उपलब्ध गराईने प्रमाण-पत्रको ढाँचा

बनेपा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक

### खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता प्रमाण- पत्र

दर्ता नं.:
दर्ता मिति :

श्री ________________खानेपानी तथा सरसफाई उपभोक्ता समिति,
बनेपा नगरपालिका, वडा नं.____,
काभ्रेपलाञ्चोक ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ध) बमोजिम यस नगरपालिकाबाट स्वीकृत खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम बनेपा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको मिति ________को निर्णयानुसार यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्रप्रदान गरिएको छ ।
विधान बमोजिम आफ्ना कार्यक्रमहरू सञ्चालन गर्नुहुनेनै छ ।

जलश्रोत (मुल) को नाम तथा ठेगाना________________

**दर्ता प्रमाणपत्र जारी गर्ने अधिकारीको**
दस्तखत________________
नाम________________
पद________________
मिति________________

| क.स | नविकरण मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर | रसिद नं. | नविकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोटः**

१) जुनआ.व मा नविकरण गरिएको हो सोही आ.व. को आषाढ मसान्त सम्ममात्र बहाल रहने अवधी कायम हुनेछ ।
२) नविकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरिसक्नु पर्दछ ।
३) आ.व. समाप्त भएको ६ महिना भित्र नविकरण नगरेमा नियमानुसार विलम्व दस्तुर लाग्नेछ ।